# २०८१ असोज १८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | थाइल्याण्डको बैंककमा २०८१ असोज २२ देखि २४ सम्म आयोजना हुने सामाजिक विकाससम्बन्धी कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०७८/१२/२४ गतेको निर्णयानुसार नेपाल राष्ट्र बैंकका गभर्नरउपर छानबिन गर्न गठित जाँचबुझ समिति रद्द गर्ने। |
| 3 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०८१/८२ का लागि अधिकृतस्तरका २८ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 4 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण रामेछाप उपवितरण केन्द्रको लागि करिब सात रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 5 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राजस्व न्यायाधिकरण विराटनगरको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री ध्रुवराज नन्दलाई र राजस्व न्यायाधिकरण नेपालगञ्जको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका माननीय न्यायाधीश श्री सुभाष पौडेललाई तोक्ने। |
| 6 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्ष पदमा उच्च अदालत दीपायलका माननीय न्यायाधीश श्री गोकर्ण डाँगीलाई तोक्ने। |
| 7 | गृह मन्त्रालय | २०८१ असोज १० देखि परेको अविरल वर्षाका कारण प्रभावित बाह्र जिल्लाका विभिन्न स्थानीय तहहरूलाई तीन महिनाको लागि विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने। |
| 8 | गृह मन्त्रालय | गृह मन्त्रालयअन्तर्गतका आ.व. २०८१/८२ का लागि अधिकृत स्तरका २१ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 9 | गृह मन्त्रालय | गृह मन्त्रालयलाई संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 10 | गृह मन्त्रालय | अपराधसम्बन्धी राष्ट्रिय अभिलेख व्यवस्थापन तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने। |
| 11 | गृह मन्त्रालय | नेपाल प्रहरीसम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक र सशस्त्र प्रहरी बल, नेपालसम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकउपर लोक सेवा आयोगको परामर्श लिन स्वीकृति दिने। |

| | | |
|---|---|---|
| 12 | वन तथा वातावरण मन्त्रालय | बुटवल उपमहानगरपालिकालाई उजीरसिंह रंगशाला आयोजना निर्माणको लागि तीन हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने। |
| 13 | वन तथा वातावरण मन्त्रालय | मिति २०८१/७/१३ देखि ऐ १४ सम्म कोलम्बियामा आयोजना हुने High Level Segment of the UN Biodiversity Conference 2024 कार्यक्रममा सहभागी हुन माननीय वन तथा वातावरण मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| 14 | वन तथा वातावरण मन्त्रालय | मिति २०८१/६/२३ देखि ऐ. २५ सम्म अजरवैजानमा आयोजना हुने High Level Ministerial Dialogue on the New Collective Quantified Goal on Climate Finance र Pre-COP Informal Ministerial Meeting सहभागी हुन माननीय वन तथा वातावरण राज्यमन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| 15 | वन तथा वातावरण मन्त्रालय | अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, गोरखालाई प्रशासनिक भवन निर्माणको लागि छ रोपनी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 16 | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | व्यवहारिक विज्ञान प्रविधि तथा नवप्रवर्तन कोषसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| 17 | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | वैदेशिक रोजगार (छैटौं संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने। |
| 18 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्ष पदमा प्रा.डा. ठाकुर प्रसाद दुवाडीलाई मनोनयन गर्ने। |
| 19 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २०८१ असोज २१ देखि २३ सम्म भारतको नयाँदिल्लीमा सञ्चालन हुने Seventy-seventh Session of the WHO Regional Committee for South-East Asia कार्यक्रममा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री नेतृत्वको प्रतिनिधिण्डललाई स्वीकृति प्रदान गर्ने। |
| 20 | यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका वस्तुसम्बन्धी आदेश जारी गर्ने। | |
| 21 | जल तथा मौसम विज्ञान नीति, २०८१ स्वीकृत गर्ने। | |